# ईशनाथ नगरपालिका

## आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमहरु

प्रमुख अतिथि नेपाल सरकारका सेवा निर्वित पुर्व सचिव डा. रामस्वरुप सिन्हा ज्यू,

सभा नगर उपाध्यक्ष,

विशिष्ठ अतिथि ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

नगर सभा सदस्य ज्यू,

कर्मचारी साथीहरु, पत्रकार ज्यूहरु तथा

उपस्थित सबै सज्जनवृन्द ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, मधेश आन्दोलन, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवं ज्ञात अज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको ईशनाथ नगरपालिकाको दोश्रो कार्यकालको चौथो ऐतिहासिक ९औं नगर सभा (८औं बजेट अधिवेशन) मा सहभागि सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

नेपालको संविधान २०७२ अनुसार संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ती, सुशासन, विकास, समृद्धिको अकांक्षा पुरा गर्न दोश्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई संविधान र प्रचलित कानूनको अधिकार सम्पन्न रुपमा प्रस्तुत भएको स्थानयि सरकारको तर्फबाट यस सार्वभौम नगर सभामा सबै वडा र विभिन्न क्षेत्रबाट प्राप्त सुझाव सल्लाह र मेरो आफ्नो व्यक्तिगत सोच र सम्झदारीका आधारमा आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरी रहेको छु ।

साविक ६ वटै गा.वि.स.हरु बन्जरहा, औंरैया, मठीया, जटहरा, जोकाहा र डुमरिया (प) मिलेर बनेको ईशनाथ नगरपालिकाको वडा नं. १ देखि ९ सम्म तीब्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन तथा यहाँ सबै नागरिकको सुखी, जीवनयापनको लागि हामीलाई यो महत्वपूर्ण जिम्मेवारी र कार्यभार सुम्पीने सबै नगरवासी दाजु, भाई दिदी बहिनीहरु र समस्त शुभेच्छुक र सरोकारवाला पक्षहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस नगरपालिकाको सोच, समुन्नत भौतिक, समाजिक, पूर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक, उत्कृष्ट नगरपालिका बनाउने सोच रहेको छ । साथै आन्तरीक आय पहिचान तथा आन्तरीक आय

वृद्धि गर्दै न्यायोजित वितरण सहित भौतिक, आर्थिक, सामाजिक विकास लगायतका क्रियाकलाप मार्फत समृद्ध नगरपालिका बनाउने उद्देश्य यस नगरपालिकाको रहेको छ ।

## क. विद्यमान परिवेश :

नेपालको संविधान २०७२ को भाग १७ तथा स्थानीय सरकार सचांलन ऐन २०७४ को परिच्छेद २ बमोजिम ईशनाथ नगरपालिकाको स्थापना वि.सं. २०७४ जेष्ठ ७ गते भएको हो । नगरपालिका अन्तर्गत ९ वटा वडाहरु रहेका छन । नगरपालिकाको काम र कर्तव्य तथा अधिकारहरु संविधान तथा ऐनमा भएको व्यवस्था अनरुप सम्पादन हुन्छ । यस नगरपालिकाको नामाकरण वाड नं ३ मा रहेको प्रसिद्ध ईशनाथ महादेव मन्दिरको नामबाट भएको हो । नगर विकासको लागि नगरपालिकाले आवधिक नगर विकास योजना, सडक विकास गुरू योजना, भवन निर्माण मापदण्ड, भवन निर्माण कार्यबिधि, पर्यटन गुरू योजना, भू– उपयोग नीति, सरसफाइ तथा फोहोर मैला व्यवस्थापन जस्ता योजना निर्माणको कार्यलाई अगाडी बढाएको छ । नगरपालिकाको बिकासमा योजनाबद्ध पद्धतिको थालनी गरिएको छ।

आन्तरिक आय एकदमै न्यून रहेको यस नगरपालिकाले हालसम्म पनि जनशक्ति अभाव झेलिरहेको छ । नेपाल सरकारबाट स्वीकृत दरबन्दी संरचना अनुसार स्थायी कर्मचारीको पदपूर्ति हुन सकेको छैन । नगरपालिकाको स्वीकृत दरबन्दी संरचना अनुसार करार एवं ज्यालादारी कर्मचारीहरुबाट न्यूनतम पारिश्रमिकमा सेवा प्रवाह भइरहेको छ ।

## ख. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु :

नेपाल संविधानको भाग– ५ ले राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड गर्ने सन्दर्भमा स्थानीय तहको व्यवस्था गरेको छ । त्यस्तै संविधानको धारा ५९ मा प्रदेश र स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ।

नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुन नगर सभामा पेस गरी पारित गराउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था गरी सो ऐनको दफा ७१ मा असार १० गते भित्र सभामा बजेट पेस गरि सक्नु पर्ने कानुनी व्यवस्था गरेको छ । त्यसको १५ दिन भित्र कार्य तालिका बनाई छलफलको काम सम्पन्न गरी असार मसान्त भित्रमा पारित गरि सक्नु पर्ने बाध्यकारी नीतिगत व्यवस्था गरेको छ ।

नगरपालिकाले बजेट निर्माण गर्दा कानुनी र व्यावहारिक दुवै आधारलाई ध्यानमा राखी योजना तथा बजेट तर्जुमा गर्नु पर्ने हुन्छ । आ.व. २०८१।८२ को बजेट निमार्णका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ तथा प्रदेशले जारी गरेका विभिन्न नीति, मापदण्ड तथा कानुन, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४, आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६, स्थानीय तहको वार्षिक योजना तथा स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८, दिगो विकासका लक्ष्यहरू, राजस्व परामर्श समितिको प्रतिवेदन, तीन वटै सरकारले गरेका प्रतिबद्धता एवं

बजेट तर्जुमाका विगतका परिपाटीहरूका आधारमा टेकेर आफ्नो क्षमता अनुसारको बजेट बनाउने नीति नगरपालिकाले लिएको छ ।

**ग. चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण**

**शिक्षा तर्फ :**

- जनता मा.वि. औंरैयामा दुई वटा छुट्टा छुट्टै भवन निर्माण कार्य सञ्चालनमा रहेको छ ।
- आधारभूत विद्यालय बन्जरहामा भवन निर्माण कार्य सञ्चालनमा रहेको छ ।
- जोकहा मदर्साको भवन निर्माण कार्य सञ्चालनमा रहेको छ ।
- वि.पि.मा.वि. घिउरामा ४ कोठे भवन, जटहरा मा.वि.मा ४ कोठे, जानकी सामुदायिक प्रा.वि.मा २ कोठे भवन, लक्ष्मीनियाँ शंकर प्रा.वि.मा २ कोठे भवनको निर्माण कार्य सम्पन्न भई सकेको छ ।
- महावीर प्रा.वि. मा रहेको पुरानो ट्रस भवनालई मर्मत सम्भार गराइएको छ ।
- नगर भरीको विद्यालयहरुमा स्थायी शिक्षक पदपुर्ति भई गुण्स्तरीय शिक्षालाई प्राथमिक्ता दिइएको छ ।

**स्वास्थ्यतर्फ :**

- वडा नं. २ को स्वास्थ्य चौकीमा प्रादेशिक ल्याबमा थप जनशक्ती व्यवस्थापना भएको छ ।
- ईशनाथ नगरपालिकाको सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा थप जनशक्तीको व्यवस्थापन भई स्वास्थ्य सेवा नियमित रुपमा थप प्रभावकारी सेवा प्रवाह भई रहेको छ ।
- त्यस्तै वडा नं. ५, ७ , ८ मा स्वास्थ्य चौकीको निर्माणाधिन भवनको कार्य सम्पन्न भएको छ ।
- मैले नगर प्रमुख निर्वाचित भएको पहिलो निर्णयबाट एम्बुलेन्स खरीद गर्नका लागि निर्णय गरे अनुसार सो एम्बुलेन्स खरीद भई सेवा प्रवाह भईरहेको अवस्था यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।
- यस नगरपालिकाबाट नगर बासीहरुको लागि निःशुल्क आँखा शिविर सञ्चालन भई ८७३ जना आँखा सम्बन्धी बिरामीहरुको शैल्यक्रिया सफलता पुर्वक सम्पन्न भएको छ ।
- त्यस्तौ नगर बासीहरुको लागि निःशुल्क पलास्टिक सर्जरी, कसमेटिक सर्जरी, हाइड्रोसिल तथा हर्निया लगायतको शिविर सञ्चालन भई बिरामीहरुको शैल्यक्रिया सफलता पुर्वक सम्पन्न भएको छ।
- साथै यही आउदो असार १२ गते **VIA** (महिलाहरुमा देखिने पाठेघरको क्यान्सर परीक्षण) क्याम्प सञ्चालन हुने जानकारी यहाँहरु लाई गराउन चाहन्छु ।

**आर्थिक विकास तर्फ :**

- कृषकहरुको सिंचाईका लागि वडा नं. १ देखि ९ सम्म विद्युतपोल, तार तथा टान्सर्फमर जडान कार्य सके सम्म गराईएको छ ।

- कृषिको लागि भुकुवा नदी संग जोडीएका पैनी सफाई भएको छ ।

**सामाजिक विकास तर्फ :**

- सामाजिक विकासको लागि विभिन्न सिपमुलक कार्यक्रमहरु संचालन गराइएको छ ।
- नगर स्तरीय क्रिकेट टुर्नामेन्ट गराई जिल्ला स्तरीय मेयर कपको लागि युवाहरुलाई प्रोत्साहित गरि खेलको क्षेत्रमा अगाडी बढाइएको छ ।

**भौतिक पूर्वाधार तर्फ :**

- ईशनाथ न.पा. ३ को पिपरा टोल देखि पूर्व भकुवा नदीमा पुल निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।
- औरैया प्रहरी चौकी देखी बर्थिङ्ग सेन्टर सम्मको बाटो ढलान कार्य ल.ई बमोजिम सम्पन्न भएको छ ।
- जटहारा देखी डुमरीया सम्मको सडक आर.सि.सि. ढलान कार्य अन्तिम चरणमा रहेको ।
- मन्सरी देखी नरकटीया जाने बाटो आर.सि.सि. ढलान कार्य ल.ई. बमोजिम सम्पन्न भएको छ ।
- जयनगरमा रामअशिस ठाकुरको घर देखी ब्रहम स्थान सम्म सडक पि.सि.सि. ढलान ल.ई. बमोजिम निर्माणाधिन अवस्थामा रहेको छ ।
- ईशनाथ ३ मा राजकुमारको घर देखी औरैया छठ घाट सम्म पि.सि.सि. ढलान तथा ग्रेभल कार्य ल.ई. बमोजिम सम्पन्न गरिएको छ ।
- ईशनाथ ३ मा रहेको भगती मन्दिर मर्मत तथा रङ्गरोगन कार्य ल.ई. बमोजिम सम्पन्न गरिएको छ

**सुशासन तथा सेवा प्रवाह :**

- नगरपालिकाको नयाँ प्रशासकनीक भवन निर्माण सम्मपन्न भई सेवा प्रवाह भई रहेको छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम सम्पन्न भई कामकार्यवाहीमा पुर्नताजगी प्रदान गरिएको छ ।
- राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट प्राप्त निर्देशन बमोजिम **EFT** मार्फत सोझै सामाजिक सुरक्षा भत्ता सम्बन्धीत लाभग्राहीहरुको खातामा भुक्तानी गरिने कार्यलाई निरन्तरता दिइएको छ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुको उत्प्रेरणामा विशेष ध्यान दिईएको छ ।

**क्षेत्रगत रुपमा चालू आ. व. को उपलब्धीहरु**

चालू आ.व.मा हालसम्म क्षेत्रगत रुपमा नगरपालिकाको प्रगति विवरण देहाय अनुसार रहेको छ ।आर्थिक विकासमा ३०.६९ प्रतिशत, सामाजिक विकासमा ६५.३३ प्रतिशत, पूर्वाधार विकासमा ९७.८२ प्रतिशत, सुशासन तथा सर्वा प्रवाहमा ७२.५३ प्रतिशत प्रगति भएको छ । चालू आर्थिक वर्षको अन्तिम मसान्तमा विषयगत कार्यक्रमहरु सुचारु रहेको एवं केही आयोजनाहरुको कार्यदेश

सम्झौता भई कार्य सुचारु भई भुक्तानी बाँकी रहेकोले प्रगति न्यून देखिए तापनि मसान्तसम्म उल्लेखित क्षेत्रहरुको प्रगतिमा उत्साहजनक अवस्थामा पुग्नेमा आशावादी छु ।

घ. आगामी आ.व.को लागि **कृषिमा** विशेष जोड दिनुको साथै देहायका क्षेत्रहरुमा बजेट व्यवस्थापन मिलाइने छ ।

- कृषिको लागि सिंचाईको व्यवस्था मिलाइने छ ।
- शुद्ध खानेपानीको व्यवस्था मिलाईने छ ।
- स्वास्थ्य संस्थाहरुमा चिकित्सक, औषधी, ल्याबमा थप व्यवस्थापन गरिनेछ ।
- शिक्षा, मा.वि.विद्यालयहरुमा विषयगत शिक्षकहरुको व्यवस्थापन गरिनेछ ।
- सडक, नालानिर्माण लगायतका कामहरु प्राथमिकतामा राखिनेछ ।
- पर्यटकीय क्षेत्रलाई सौंर्दयकरण गरिनेछ ।

**ङ. आगामी आ.व.का प्रमुख नीतिहरु :**

आर्थिक वर्ष २०८१।०८२ मा ईशनाथ नगरपालिकाले अवलम्बन गर्ने विषयगत क्षेत्रका रणनीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**१. योजनावद्ध दिगो विकास**

- नगरवासीको सहभागीता तथा स्वामित्व हुने गरी विज्ञहरुको संलग्नतामा इशनाथको समग्र विकासको दीर्घकालिन योजना तर्जुमा गरिनेछ ।
- समग्र नगरको भौतिक पूर्वाधार निमाणको गुरुयोजना तथा मध्यकालिन खर्च संरचना (**MTEF**) तयार गरिनेछ ।
- दीर्घकालिन योजनाका आधारमा नगरपालिकाले आम नगरबासी र सरोकारवालाहरुको राय सुझाव संकलन गरी बार्षिक बजेट तथा योजना लाई प्राथमिक्ता दिइने छ ।

**२. सुशासन तथा सेवाप्रवाह**

- नगरपालिकाबाट तयार गरिने योजना, निर्णयहरु सार्वजनिक खरिद प्रक्रिया, प्रवाह गरिने सेवा लगायतका हरेक गतिविधिमा आम नागरिकहरुको पहुंच हुने गरी पारदर्शीता कायम गरिनेछ ।
- प्रत्येक बर्ष नगरपालिका भित्र संचालन भएका योजनाहरुको सार्वजनिक सुनवाई गराइनेछ ।
- आर्थिक वर्ष भित्र गरिएका कामकार्यवाहीहरुको वार्षिक समिक्षा गरि प्राप्त राय सल्लाह सुझाव लाई कार्यन्वयन गरिने छ ।
- नगरपालिकाले बर्षको २ पटक वडा स्तरमा नागरिकसंग अन्तरक्रिया कार्यक्रम गर्ने र प्राप्त गुनासाहरुको तत्काल समाधान र सुझावहरुको कार्यान्वयन गर्नेछ ।
- नगरपालिका भित्र तथा नगर भित्रका कुनै पनि निकायमा भ्रष्टचार, अनियमिता, ढिला सुस्ती हुन नदिन सम्बन्धित निकायलाई परिचालन गर्नुका साथै विशेष सन्यन्त्र तयार गरी प्रभावकारी कदम चाल्नेछ ।

- अखाद्यय वस्तुको विक्रि वितरण तथा कालाबजारी नियन्त्रण गर्नमा आवश्यक समन्वय गरिनेछ ।
- महिला स्वयंसेविकाहरुको लागि आ.व. २०८१/२०८२ देखि निर्वाह भत्ता रु. १ हजारको दरले प्रति महिना वृद्धि गरिने छ ।

३. स्वास्थ्य

- स्थानीय स्तरमा आधुनिक स्वास्थ्य सेवा सहज तथा निशुल्क रुपमाउपलब्ध गराइनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनुका साथै नागरिक उपचारकोष खडा गरी जटील प्रकृतिका बिरामीहरुको उपचारमा सहजता ल्याइनेछ ।
- वडा स्तरमा बर्थिङ सेन्टर सहितको स्वास्थ्य केन्द्रबाट आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध गराइनेछ ।
- आकस्मिक सेवाको व्यव्स्थापनका लागि विशेष ध्यान दिइने छ ।

४. शिक्षा

- नगर भित्र रहेका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको विकास र आवश्यक उपकरणहरुको व्यवस्था गरी पठन पाठन कार्यलाई गुणस्तरीय एवम् प्रविधिमैत्री बनाउने तथा विषयगत शिक्षकको व्यवस्था मिलाउनेछ ।
- शिक्षकलाई क्षमता अभिवृद्धि तालिम तथा प्रविधिमैत्री बनाइनेछ ।

५. पूर्वाधार विकास

- भौतिक पूर्वाधार निर्माणको गुरु योजना, (**MTEF**) ले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमको प्राथमिकता तथा स्थानीय नागरिकहरुको माग लाई मध्यनजर राखी निर्माण कार्य अघि बढाउने छ।
- नगरका सबै वडा र टोललाई पक्की सडक, नाला निर्माण गरी संजालले जोडिनेछ ।
- नगरभित्र सबै घरमा विद्युत लाईनको पहुच पुर्याइनेछ ।
- सुविधा सम्पन्न सभाहल निर्माण गर्ने र प्रत्येक वडामा आवश्यकता अनुसार बहुउपयोगी सामुदायिक भवन निर्माण गरिनेछ ।

६. कृषि तथा पशु

- कृषीमा यान्त्रिकीकरण, आधुनिक औजार तथा उपकरणमा अनुदानको व्यवस्था गरिनेछ ।
- नगर स्तरीय कृषि सेवा तथा पशु स्वास्थ्य केन्द्रलाई स्तर उन्नति गरिनेछ ।
- कृषक समुहद्धारा कार्यक्रम संचालन गराइनेछ ।
- बढी मूल्यजाने तरकारी, फलफूल तथा पशुजन्य उत्पादनमा जोड दिइनेछ ।
- उत्कृष्ट कृषकका लागि सम्मानको व्यवस्था गरिनेछ ।
- नगर भित्रसिंचाईका लागि विद्युतपोलतार जडान गरी सिंचाईको व्यवस्था मिलाइनेछ ।
- कृषि तथा पशु सेवा कार्यक्रम कालागि आवश्यक बजेट व्यवस्था गरी संचालन गरिनेछ ।

७. भूमि व्यवस्थापन

- कृषि योग्य जमिनमा सिंचाई, सडक, विद्युत, लगायतको पूर्वाधारको व्यवस्था गरिनेछ ।
- जग्गा वर्गीकरणलाई यथार्थपरक बनाइदैं लगिनेछ ।

८. आर्थिक विकास तथा स्वरोजगार

- प्रत्येकवर्ष १०० जना युवाहरुलाई रोजगारी, उद्यमशीलता र विषयगत शिपमूलक तालिमको व्यवस्था मिलाइने छ ।
- लक्षित वर्गको (जेष्ठ नागरिक, अपाङ्गता, तेश्रो लिङ्गि, दलित, बालवालिका, महिला) हरुका लागि आय-आर्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

९. सुचना, सञ्चार तथा प्रविधि

- नगरपालिकाका कार्यालयहरु, सरकारी अस्पताल, सामुदायिक विद्यालयहरु लगायत कार्यालयहरुलाई डिजिटलाईज गरी क्रमशः प्रविधि मैत्री बनाइनेछ ।
- नगरपालिका अन्तर्गतका सार्वजनिक स्थलहरुमा क्रमशः फ्रीवाईफाईको व्यवस्था गरिदैं लगिनेछ ।
- नगरपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी, मा.वि. विद्यालयहरु लगायत सार्वजनिक स्थलहरुमा **CCTV Camera** जडान गरिने छ ।

१०. खेलकुद तथा संस्कृति

- नगर क्षेत्रमा खेलकुदको विकासका लागि विभिन्न खेलकुद प्रतियोगीता संचालन गरिनेछ ।
- नगरस्तरिय खेल मैदानलाई व्यवस्थीत गरि सुविधा सम्पन्न गरिनेछ ।
- साहित्यिक कार्यक्रम, प्रतियोगिता तथा प्रकाशनमा प्रोत्साहन तथा सहयोग गरिनेछ ।
- मठ, मन्दिर, गुम्बा, चर्च जस्ता धार्मिक स्थलहरुको प्रबर्द्धन गरिनेछ ।
- सबै जातजातीको भाषा, संस्कृतिको संरक्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- नदि तथा पोखरीहरुमा छठघाटको निर्माण गरिनेछ ।

११. सामाजिक विकास

- विद्यालयहरुलाई सुविधा सम्पन्न भौतिक पूर्वाधार लगायत व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य सुविधा पहुँचका लागि नगरपालिकाको प्रत्यक्ष निगरानीमा पुरानो एम्बुलेन्स लाई पुनः सञ्चालन ल्याई नगरवासीहरुलाई सुविधा प्रदान गरिनेछ ।
- कम्तीमा १५ सैयाको सुविधा सम्पन्न अस्पताल सङ्घ सरकाबाट स्वीकृति पश्चयात निर्माण गराई मेडिकल अफिसर सहितको चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गरिनेछ ।
- नगर भरीका स्वास्थ्य चौकी तथा स्वास्थ्य ईकाईहरुमा नेपाल सरकारले तोकेको औषधी खरीद गरी जनताहरुलाई सहज, सुलभ निःशुल्क रुपमा औषधी उपलब्ध गराईनेछ ।
- बर्थिङ्ग सेन्टर नभएका वडाहरुमा बर्थिङ्ग सेन्टरको भवन निर्माण गरी सुविधा प्रदान गरिनेछ ।

- विपन्न गरिब, असहायहरुलाई आर्थिक उन्नतीका लागि राहतका पैकेज सहितको सीपमुलक तालिम दिई प्रविधि समेत हस्तान्तरण गरिनेछ ।

## १२. विविध

- सामाजिक कार्यको लागि सहकारीसँग सहकार्य गरिनेछ ।
- सहकारी नगर संजाललाई थप प्रभावकारी बनाइनेछ ।
- जनताआवास कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

## १३. स्वच्छ खानेपानी

- नगरभित्र स्वच्छ खानेपानी र सरसफाईको सेवा पुरयाई पुरानो खानेपानी टयांकी मर्मत स्याहार गर्ने र डिप कल जडान गरिनेछ ।

### विभिन्न निकायबाट प्राप्त हुने स्रोत बजेटको विवरण

| क्र.सं. | स्रोत | बजेट शीर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार | संघ राजस्व बाँडफाँट | १०,२१,९९,९९९/- | |
| २. | नेपाल सरकार | संघ समानिकरण अनुदान | १२,३४,००,०००/- | पुँजीगत |
| ३. | नेपाल सरकार | संघ सर्शत अनुदान | १६,१३,९१,५००/- | चालू |
| ४. | नेपाल सरकार | संघ सर्शत अनुदान | ५५,००,०००/- | पुँजीगत |
| ५. | नेपाल सरकार | संघ विशेष अनुदान | १,१५,००,०००/- | पुँजीगत |
| ६. | नेपाल सरकार | संघ समपुरक अनुदान | ७५,००,०००/- | पुँजीगत |
| ७. | प्रदेश सरकार | प्रदेश राजस्व बाँडफाँट | ६०,००,०००/- | |
| ८. | प्रदेश सरकार | प्रदेश समानिकरण अनुदान | ८८,६७,०००/- | पुँजीगत |
| ९. | प्रदेश सरकार | प्रदेश सर्शत अनुदान | ९५,००,०००/- | पुँजीगत |
| १०. | प्रदेश सरकार | प्रदेश विशेष अनुदान | ३०,००,०००/- | पुँजीगत |
| ११. | प्रदेश सरकार | प्रदेश समपुरक अनुदान | २०,००,०००/- | पुँजीगत |
| १२. | सडक बोर्ड | सडक बोर्ड नेपाल | ३५,००,०००/- | पुँजीगत |
| १३. | युनिसेफ | दुई पक्षीय वैदेशिक चालू अनुदान | २२,००,०००/- | चालू |
| १४. | युनिसेफ | दुई पक्षीय वैदेशिक पुँजीगत अनुदान | ३३,००,०००/- | पुँजीगत |

| | | | | |
|---|---|---|---|---|
| १५. | आन्तरीक | आन्तरिक आय, घर जग्गा रजिष्ट्रेशन शुल्क तथा बैङ्क मौजदात समेत | ६,५६,३५,०००/- | चालू |
| | | जम्मा : | ५१,५४,९३,४९९/- | |

## बजेट सिमा निर्धारण भएको विवरण

- अगामी आर्थिक वर्ष २०८१/०८२ का लागि चालू खर्च अन्तर्गत ३१ करोड ६० लाख ९४ हजार ५ सय व्यय अनुमान गरिएको छ ।
- पुंजीगत खर्च अन्तर्गत १९ करोड ९३ लाख ९८ हजार ९ सय ९९ व्यय अनुमान गरिएको छ ।
- सर्शत अनुदान अन्तर्गत चालू तर्फ १६ करोड १३ लाख ९१ हजार ५ सय तथा सर्शत अनुदान पुंजीगत अन्तर्गत ५५ लाख व्यय अनुमान गरिएको छ।
- विशेष अनुदान अन्तर्गत पुंजीगत तर्फ १ करोड १५ लाख व्यय अनुमान गरी कुल पूँजीगत अन्तर्गत १९ करोड ९३ लाख ९८ हजार ९ सय ९९ व्यय अनुमान गरिएको छ ।

क) उल्लेखित रकम सन्तुलित विकासको दृष्टिकोणले देहाय अनुसारका क्षेत्रमा विनियोजनको व्यवस्था मिलाइएको छ ।

- वडा स्तरीय योजना आयोजनाका लागि प्रति वडा ५० लाख पुंजीगत अनुदान तथा ५ लाख चालू अनुदान प्रति वडको लागि बजेट सिलिङ्ग तोकिएको छ ।
- <u>उपरोक्त बजेट देहायका क्षेत्रमा विनियोजन गर्न व्यवस्था मिलाउने छ</u> ।
    - आर्थिक विकास कुल पुंजीगत बजेटको ४ प्रतिशत ।
    - सामाजिक विकास कुल पुंजीगत बजेटको १४ प्रतिशत ।
    - पूर्वाधार विकास कुल पुंजीगत बजेटको ७५ प्रतिशत ।
    - वातावरण तथा विपद् व्यवस्थापन कुल पुंजीगतको २ प्रतिशत ।
    - संस्थागत विकास तथा सेवा प्रवाह कुल पुंजीगत बजेटको ५ प्रतिशत ।